# काठेखोला गाउँपालिका

# तेस्रो गाउँसभा

## अध्यक्ष श्री अम्मर बहादुर थापा ज्युद्धारा प्रस्तुत गरिएको

## आ.व.२०७५/०७६ को

# नीति तथा कार्यक्रम

काठेखोला गाउँपालिकाको यस गरिमामय तेश्रो गाउँसभामा उपस्थित गाउँसभा सदस्यज्यूहरु, यहाँहरु सबैमा काठेखोला गाउँपालिकाको तर्फबाट र मेरो व्यक्तिगत तर्फबाट हार्दिक स्वागत तथा अभिवादन ब्यक्त गर्दछु ।

सर्बप्रथम नेपालको बिभिन्न कालखण्डमा भएका लोकतान्त्रिक आन्दोलनमा सहादत प्राप्त गर्नुहुने ज्ञात अज्ञात सहिदहरु तथा देशमा संघिय लोकतान्त्रिक गणतन्त्र स्थापनाको खातिर २०६२/०६३ को महान जनआन्दोलनमा आफ्नो जीवन आहुति गर्नुहुने वीर सहिदहरु प्रति उच्च सम्मान अर्पण गर्दै हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु। साथै जनआन्दोलनका घाईतेहरु प्रति पनि उत्तिकै सम्मान ब्यक्त गर्दै सिघ्र स्वास्थ्य लाभको कामना गर्दछु । साथै लामो समय सम्म विरामी पर्नु भएका यस गाउँपालिलकाका उपाध्यक्ष श्री अर्जुन बहादुर के.सी. को सिघ्र स्वास्थ्य लाभको कामना समेत गर्दछु ।

समन्नुत नेपालको अवधारणा सहित ***समृद्ध नेपाल, सुखी नेपाली***को नारा लिई मुलुक एउटा नयाँ युगमा प्रवेश गरेको छ । नेपाली जनताको लामो समयको प्रतिक्षा पछि जनताले आम निर्वाचन मार्फत प्रतिनिधि सभा, प्रदेश सभा र स्थानिय सरकारको रुपमा आफ्ना जनप्रतिनिधिहरु पाएका छन । नेपाली जनतामा थोरै भएपनि केही नयाँ आशा पलाएको छ। जनताका अधिकारहरु दिन प्रतिदिन थपिदै गहिरहेका छन । आफ्ना प्रतिनिधिहरुले बनाएका संविधान आफ्नै प्रतिनिधिहरु मार्फत लागु गरिदैछ । कानुनका प्रत्येक पानाहरु न्याय, समानता र समृद्धिका शब्दहरुले भरिएका छन । केन्द्रका अधिकारहरु बिस्तारै गाउँतिर झर्दैछन  र हामी जनताका स्थानिय जनप्रतिनिधिहरु जनताका जनअधिकारहरुलाई हरेक जनताको घर-घरमा पुर्‍याउने काममा लागि पर्दै जनताको दुख, पिर र अप्ठ्यारोमा साथ दिदै र उनिहरुकै समसाथमा रहदै समृद्ध काठेखोला गाउँपालिका निर्माणको लम्बे अभियानमा जुटिरहेका छौ । काठेखोला गाउँपालिकालाई नेपालकै नमुना गाउँपालिकाको रुपमा स्थापित गर्ने हाम्रो यो महान अभियानमा यहाँहरुको पनि साथ, सहयोग, सल्लाह र सुझावको हामी सदैव आशा गरिरहने छौ । हामीलाई बिश्वास छ  हाम्रो आशाहरु पक्कै पनि निराशामा परिणत हुने छैनन्  ।

**गाउँसभा सदस्यहरु**

लामो समयको रिक्तता पछि निर्वाचित हामी जनप्रतिनिधिहरुका अगाडि जनताका थुप्रै चाहनाहरु छन । अनेकौ समस्याहरु छन । जनताका ति सबै चाहानाहरुलाई पुरा गर्नु हामी हाम्रो पहिलो कर्तब्य सम्झिरहेका छौ । तर पनि राज्यको सिमित बजेटबाट जनताको असिमित समस्याहरु पुरा गर्न खोज्नु निकै चुनौतिको बिषय रहेछ र पनि हामी जनताको आधारभुत समस्याहरुको पहिचान गरि सडक, शिक्षा, खानेपानी जस्ता बिषयहरुलाई उच्च प्राथमिकता दिदै त्यस तर्फ अधिकतम बजेट बिनियोजन गरेका छौ ।

